# <u>लागु औषध तथा दुर्व्यसनमा रहेका युवाहरुलाई अभिनय प्रशिक्षण सम्बन्धी मापदण्ड, २०७८</u>

विभिन्न कारणले कुलतको प्रभावमा परेका वा पुनर्स्थापना केन्द्रमा रहेका दुर्व्यसनी युवाहरूलाई अभिनय प्रशिक्षण गराई कला, सीप र क्षमताको विकासबाट सामाजिक उत्तरदायित्वको भावना विकास गर्न अभिनय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नको लागि **लागु औषध तथा दुर्व्यसनमा रहेका युवाहरुलाई अभिनय प्रशिक्षण सम्बन्धी मापदण्ड, २०७८** तयार गरिएको छ।

१. **<u>प्रस्ताव आह्वानः</u>** (१) अभिनय प्रशिक्षण सम्बन्धी कार्य गर्ने संस्थाहरूबाट प्रस्ताव आह्वान गर्न मन्त्रालयको सुचना पाटी र वेभसाइटमा ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

(२) अभिनय प्रशिक्षण सम्बन्धी कार्य गर्ने इच्छुक संस्थाहरूले दफा २ मा तोकिएका कागजातहरू संलग्न राखी अनुसूची १ बमोजिमको प्रस्ताव मन्त्रालयमा बुझाउनुपर्ने छ ।

२. **<u>पेश गर्नुपर्ने कागजातहरूः</u>** दफा (१) बमोजिम प्रस्ताव पेश गर्न देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ।

(क) संस्था दर्ता र नविकरण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि

(ख) स्थायी लेखा प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपि

(ग) अभिनय प्रशिक्षणको लागि आवश्यक कार्ययोजना

(घ) संस्थाले गरेका अभिनय प्रशिक्षण सम्बन्धी कार्यहरूको विवरण

(ङ) संस्थासँग भएको प्रविधि र जनशक्तिको विवरण

३. **<u>संस्था छनौटका आधारहरूः</u>** (१) अभिनय तथा नाटक प्रशिक्षण सम्बन्धी संस्था छनौटका आधारहरू देहाय बमोजिम हुनेछन्

(क) संस्थामा भएका प्रशिक्षकहरूको दक्षता र पर्याप्तता,

(ख) प्रशिक्षण क्षेत्रमा आधारित संस्था भएमा,

(ग) संस्थासँग भएका अभिनय सम्बन्धी प्रशिक्षण सामग्री तथा प्रविधि,

(घ) संस्थाले पेश गरेको प्रशिक्षण कार्ययोजना,

(ङ) अन्तर्वार्ता र छलफल ।

(२) दफा १ बमोजिमका मूल्याङ्कनका आधारहरूको अङ्क विभाजन अनुसूची २ बमोजिम हुनेछ ।

४. **<u>प्रस्ताव मूल्याङ्कन तथा अनुगमन समितिः</u>** (१) दफा (२) बमोजिम पेश भएको प्रस्तावको मूल्याङ्कन गर्न तथा प्रशिक्षण कार्यक्रमको अनुगमन गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा अनुगमन समिति रहनेछः

| | | |
|---|---|---|
| १. | युवा तथा खेलकुद महाशाखा प्रमुख | संयोजक |
| २. | मन्त्रालयद्वारा मनोनित अभिनय क्षेत्रका विज्ञ | सदस्य |
| ३. | मन्त्रालयको युवा शाखा हेर्ने अधिकृत | सदस्य |

(२) मूल्याङ्कन र अनुगमनको प्रयोजनको लागि आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्न सकिनेछ ।

(३) प्रस्ताव मूल्याङ्कन तथा अनुगमन समितिका सदस्यहरूले बैठक वसेवापत तथा स्थलगत अनुगमनमा जिल्लाहरूको भ्रमण गर्नुपरेमा नियमानुसार बैठक तथा दैनिक भ्रमण भत्ता पाउनेछन् ।

५. जिल्लाहरूको समूहीकरणः (१) लक्षित युवाहरूको सहभागिताको लागि गण्डकी प्रदेशका एघार वटा जिल्लाहरूलाई तपसिल बमोजिम समूहीकरण गरिनेछः

(क) तनहुँ, लमजुङ, मनाङ र गोरखा

(ख) कास्की, स्याङ्जा र नवलपुर

(ग) पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ

(२) उपदफा (१) बमोजिम गरिएको समूहीकरणले कुनै संस्थाद्वारा कुनै जिल्लामा सञ्चालन हुने अभिनय प्रशिक्षणमा अर्को जिल्लाका युवाहरूलाई सहभागी हुन बाधा पर्ने छैन ।

६. अभिनय प्रशिक्षणको न्यूनतम मापदण्डः (१) प्रशिक्षण सम्बन्धी निम्न मापदण्डहरू पालना गर्नुपर्ने छ ।

(घ) दिनमा ३ घण्टा, हप्तामा ६ दिनको दरले न्यूनतम ३० दिन (९० घण्टा) प्रशिक्षण गर्नुपर्ने,

(ङ) पुनर्स्थापना केन्द्रको परिसरमा नै प्रशिक्षण गर्नुपर्ने,

(च) प्रशिक्षण गतिविधि तथा मुख्य क्रियाकलापको अभिलेखका साथै भिडीय रेकर्ड गर्नुपर्ने,

(छ) सम्बन्धित क्षेत्रमा तालिम लिएका वा अनुभवी प्रशिक्षकहरूको प्रयोग गर्नुपर्ने ।

(२) प्रत्येक संस्थाले कम्तीमा दुईवटा समूहमा न्यूनतम् ५० जना सहभागीलाई प्रशिक्षण दिनुपर्ने छ । एउटै पुनर्स्थापना केन्द्रमा एकभन्दा बढी समूह हुन सक्ने छैन ।

७. पुनर्स्थापना केन्द्रको छनौटः (१) छनौट भएका प्रशिक्षण संस्थाले अभिनय प्रशिक्षण सञ्चालनका लागि सम्बन्धीत पुनर्स्थापना केन्द्रको सहमति लिनु पर्नेछ ।

(२) अभिनय प्रशिक्षण सञ्चालनका लागि छनौट भएका प्रशिक्षण संस्थाले निम्न आधारमा पुनर्स्थापना केन्द्रको छनौट गर्नुपर्नेछ ।

(क) कम्तीमा १५ जना दुर्व्यसनी युवाहरू भएको पुनर्स्थापना केन्द्र हुनुपर्ने,

(ख) संस्थालाई तोकिएका जिल्लास्थित पुनर्स्थापना केन्द्र हुनुपर्ने,

(ग) अनुमति प्राप्त पुनर्स्थापना केन्द्र हुनुपर्ने,

(घ) अभिनय प्रशिक्षणको लागि पर्याप्त स्थान भएको हुनुपर्ने ।

(३) दैनिक प्रशिक्षणको समय व्यवस्थापन सम्बन्धमा पुनर्स्थापना केन्द्रको परामर्श बमोजिम गर्नु पर्नेछ ।

८. सहयोग लिन सक्नेः प्रशिक्षण संस्थाले प्रशिक्षणको क्रममा सम्बन्धित पुनर्स्थापना केन्द्रबाट मञ्च व्यवस्थापन, भेषभुषा र अन्य सहायक सामग्रीहरू आदिको सहयोग लिन सक्नेछ ।

९. सम्झौता बमोजिम हुनेः अभिनय प्रशिक्षण वापतको रकम र भुक्तानीको प्रक्रिया मन्त्रालय र संस्थाको बीचमा भएको सम्झौता बमोजिम हुनेछ ।

१०. भिडीयो सामग्री बुझाउनु पर्नेः अभिनय प्रशिक्षणका मुख्य मुख्य क्रियाकलापको तस्वीर तथा भिडीयो तयार पारी प्रतिवेदन बुझाउनुपर्ने छ ।

अनुसूची — १

दफा १ को उपदफा (१) सँग सम्बन्धित

**अभिनय प्रशिक्षण सेवा दिन चाहने संस्थाले पेश गर्ने प्रस्तावको ढाँचा**

(क) संस्थाको नामः ........................................... ...........................

(ख) संस्थाको ठेगानाः .................. ........................ सम्पर्क फोन नः.............................

(ग) सम्बन्धित व्यक्तिको नामः ................... .............पदः .............

इमेलः.............

(घ) संस्थाको अभिनय प्रशिक्षणको क्षेत्रः (१) .......................... (२) ...................

(ङ) संस्थाको अनुभव सम्बन्धी विवरणः (१) .......................... (२) ...................

(च) प्रशिक्षण गर्न चाहेको जिल्ला-समूहको प्राथमिकीकरण (दफा ५ बमोजिम)

.................. ..................... ...................

(छ) संस्थाले पेश गर्नुपर्ने कागजातहरूः

१. संस्था दर्ता र नविकरण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि

२. स्थायी लेखा प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपि

३. अभिनय प्रशिक्षणको लागि आवश्यक कार्ययोजना

४. संस्थाले गरेका अभिनय प्रशिक्षण सम्बन्धी कार्यहरूको विवरण

५. संस्थासँग भएको पूर्वाधार तथा जनशक्तिको विवरण

......................

हस्ताक्षर

मितिः

## अनुसूची २

**(दफा ३ को उपदफा (२) बमोजिमको प्रस्ताव मूल्याङ्कन फाराम)**

**अभिनय प्रशिक्षण सेवा दिन चाहने संस्थाको मूल्याङ्कनका आधारहरू**

| सि.नं. | प्रशिक्षण संस्थाको नाम र ठेगाना | प्रशिक्षण संस्था छनौटका आधारहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | संस्थामा भएका प्रशिक्षकहरूको दक्षता र पर्याप्तता | प्रशिक्षण स्थानमा आधारित संस्था | प्रशिक्षण विधि तथा प्रविधि | संस्थाले पेश गरेको कार्ययोजना | अन्तर्वार्ता र छलफल | जम्मा | कैफियत |
| | अङ्कभार | २० | २० | २० | २० | २० | १०० | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |

नोटः

१. संस्थामा भएका प्रशिक्षकहरूको दक्षता र पर्याप्तताः मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विधामा न्यूनतम योग्यता हासिल गरेको प्रति प्रशिक्षक ५ अङ्कका दरले बढीमा २० अङ्क

२. प्रशिक्षणको समूहसँग सम्बन्धित क्षेत्रमा आधारित संस्थाः सम्बन्धित स्थानीय तह भित्रको संस्था भए २० अङ्क, सम्बन्धित जिल्ला भित्रको संस्था भए १५ अङ्क, गण्डकी प्रदेश भित्रको संस्था भए १० अङ्क र प्रदेश बाहिरको संस्था भए ५ अङ्क

३. अभिनय सम्बन्धी प्रशिक्षण सामग्री तथा प्रविधिः अभिनय सम्बन्धी प्रशिक्षण सामग्री तथा प्रविधिको मूल्याङ्कनको अङ्क विभाजन मूल्याङ्कन तथा सिफारिस समितिले निर्धारण गरेबमोजिम हुनेछ।

४. संस्थाले पेश गरेको प्रशिक्षण कार्ययोजनाः लागत अनुमान वापत १० अङ्क र प्रशिक्षण कार्ययोजना वापत १० अङ्क

५. अन्तर्वार्ता र छलफलः प्रशिक्षण विधि वापत १० अङ्क र प्रस्तुतीकरण वापत १० अङ्क मूल्याङ्कन समितिको मूल्याङ्कन बमोजिम ।